# वीरगंज महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

आदर्शनगर, वीरगंज, पर्सा

मधेश प्रदेश (नेपाल)


सूचना !　　　सूचना !　　　सूचना !!!

बिषय : डेंगुरोग नियन्त्रण सम्बन्धमा ।

**वीरगंज महानगरपालिकामा बिगत केही दिन देखि लगातार रुपमा डेंगु रोग देखा परिरहेको अवस्था रहेकोले अवस्था बिग्रनबाट बच्न सतर्कता अपनाउन तथा समयमा स्वास्थ्य जाँच तथा परिक्षण गर्नहुन जनसमुदायमा अपिल गर्दछौं ।**

**डेंगु:** डेंगु एक प्रकारको भाईरसले लाग्ने सरुवा रोग हो । यो ज्वरो एडिज जातको लामखुट्टेको टोकाईबाट लाग्ने गर्दछ । यसका लक्षणहरु, एक्कासी ३ देखि ५ दिन सम्म ज्वरो आउने, बेस्सरी टाउको दुख्ने, मांसपेशी तथा जोर्नीहरु दुख्ने, आँखाको गेडी दुख्ने, अरुचि हुने, पेट तथा आन्द्रामा गडबडी हुने र डाबरहरु आउने गर्दछन । केही बिरामीमा सुरुमै शरीरमा रातो बिमीरा आउँछन् । त्यसतै शरीरमा डण्डीफोर जस्तो डाबरहरु देखिन्छन् । ज्वरो आईरहेका अवस्थामा केही बिरामीहरुमा नाक तथा गिजाबाट रगत बग्ने र छालामुनि रक्तस्राव हुने हुन्छ । तर डेंगु **हिमोराजिक फिभर** बाहेक अन्य ज्वरोमा मृत्युदर ज्यादै न्यून हुन्छ ।

**बच्ने उपायहरु :**

- डेंगु ज्वरो लामखट्टेको टोकाईबाट सर्ने भएकोले यसको टोकाईबाट बच्नको लागि पुरा शरीर छोपिने, लुगा लगाउने र दिउँसो सुत्दा पनि झुलको प्रयोग गर्नु पर्दछ । हात खुट्टामा लामखुट्टे भगाउने क्रिम लगाउनाले पनि लामखुट्टेको टोकाईबाट बच्न सकिन्छ ।
- डेंगु सार्ने एडिज लामखुट्टेले मानिसको वस्ती वरिपरि प्राकृतिक वा कृत्रिम रुपले जमेको पानी जस्तै मर्मत गर्न राखेका वा फ्याँकेका टायरहरु, बाटा,बाल्टिन,प्लेट सहितको गमला, एयर कन्डीसनर, लोटा, गिलास, कतारो , खुल्ला बोतलहरु थोरै भन्दा थोरै पनि पानी जम्ने भाँडाहरु (जस्तै सिसिको बिर्को), खुल्ला पानीको ट्यांङ्की वा खुल्ला पानीका भाँडाहरुमा फूल पारी वृद्धि विकास गर्ने भएकोले आफैले लामखुट्टेका यस्ता बासस्थान खोजी तथा लार्भा नष्ट गर्नु पर्दछ ।
- डेंगु ज्वरोको शंका लागेमा नजिकको स्वास्थ्य संस्था तथा अस्पतालमा तुरुन्त सम्पर्क गर्नुपर्दछ । यो रोग चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको प्रत्यक्ष निगरानीमा उपचार गरे निको हुन्छ ।

**वीरगंज महानगरपालिकाको विशेष अनुरोध : मर्मत गर्न राखेका वा फ्याँकेका टायरहरु,बैट्रीको खाली बट्टाहरु, प्लेट सहितको गमला, थन्काएर राखेका खुल्ला बोतलहरु व्यवस्थित तरीकाले राख्न, पानि रहेको भरेको भए खन्याउन तथा व्यवस्थापन गरी राख्न अनुरोध छ साथै अनुगमणको कममा अव्यवस्थित कियाकलाप भेटीएमा सरुवारोग ऐन अनुसार कडा कारवाही गरीने व्यहोरा समेत जानकारी गराईन्छ ।**